सिदिङ्वा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पशु सेवा शाखा
साबाखु, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

①अध्यक्ष- ९८०७९२८५५५
①उपाध्यक्ष-९८५२६८११७१
①प्र.प्र.अ- ९८५२६६०१५३
①शाखा प्रा.-९८१७०१८९७२

सू. नं. ०३-२०७७/०७८ (पशु)

मिति - २०७८।०१।१५

## प्रथम पटक सुचना प्रकाशित मिति २०७७/०१/१५

उपरोक्त सम्बन्धमा सिदिङवा गाउँपालिकाको चालु आ.व. २०७७/०७८ मा सशर्त अनुदान तर्फ निम्नलिखित कार्यक्रमहरु **" लागत साझेदारीमा पशुपञ्छी प्रवर्द्धन कार्यक्रम कार्यसञ्चालन प्रक्रिया -२०७७"** वमोजिम कार्य गर्न ईच्छुक सहकारी संस्था,कृषक समुह /समितिहरुले यो सुचना प्रकाशित भएको १५ औ दिन भित्र तपशिल अनुसारका आवश्यक कागजात सहित यस सिदिङ्वा गाउँपालिका पशु सेवा शाखामा निवेदन दर्ता गर्नु हुन आव्हान गरीन्छ । साथै रीत नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

| क्र.स. | कार्यक्रम | संख्या | संघवाट विनियोजित साझेदारी रकम रु. | पालिकाबाट व्यहोरिने साझेदारी रकम रु. |
|---|---|---|---|---|
| १. | लागत साझेदारीमा चौरी प्रवर्द्धन कार्यक्रम | १ | १०,००,०००।- | १०,००,०००।- |
| २. | लागत साझेदारीमा भेडा प्रवर्द्धन कार्यक्रम | १ | १०,००,०००।- | १०,००,०००।- |

निवेदन र संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढाँचा यस सिदिङ्वा गाउँपालिकाको वेवसाईट www.sidingbamun.gov.np वाट डाउनलोड गर्न सकिने छ वा सम्वन्धित वडा कार्यालयवाट प्राप्त गर्न सकिने छ । अन्य थप जानकारी का लागी फोन नं.९८०७३७१३०० मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**आवश्यक कागजातहरु:**

१) अनुसुचि-२वमोजिमको कार्ययोजना र अनुसुची ३ वमोजिमको निवेदन थान-१

२) सहकारी संस्था/कृषक समुह/ समितीको दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी र सहकारीको हकमा कृषि तथा पशुपालन सञ्चालन गर्ने उदेश्य खुल्ने कागजातको प्रतिलिपिहरु ।

३) कृषक समुह/समिति/सहकारी संस्थाको कार्य समितिको निणर्यको प्रतिलिपी थान-१

४) कृषक समुह/समिति/सहकारी संस्थाको सदस्यहरुको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी थान-१

५) स्थायी लेखा नं. को प्रतिलिपी

६) सम्वन्धित वडा कार्यालयको सिफारीस

७) व्यवसाय/कार्यक्रम संचालन गर्ने स्थानको जग्गा धनिपुर्जाको प्रतिलिपि वा सम्झौता पत्र

८) चालु आ.व.को लेखा परिक्षण प्रतिवेदन (समुह/ सहकारीको हकमा)

२०७८/०१/१५

..........................

दिनेश ठाकुर

नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-२

## संक्षिप्त कार्ययोजनाको ढाँचा

१. व्यवसायको परिचय :

२. कार्यक्रम शुरु हुने मिति:

३. कार्यक्रम सम्पन्न हुने मिति:

४. लक्षित वर्ग र सम्भावित रोजगारीको विवरण :

५. संचालन गरिने क्रियाकलाप र लागत साझेदारीको विवरण:

| क्र.स. | क्रियाकलाप | इकाई | परिमाण | दर | जम्मा | लाभग्राही तर्फको साझेदारी रकम रु. | स्थानिय तहको साझेदारी रकम रु. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनुसूची-३

लागत साझैदारीमा पशुपञ्छी प्रवर्द्धन कार्यक्रम संचालनको लागि निवेदन पत्र

मिति: २०७७।  ।

श्रीमान प्रमुख ज्यु
सिदिङवा गाउँपलिका साब्लाखु, तापलेजुङ्।

विषय: लागत साझेदारीमा पशुपञ्छी प्रवर्द्धन कार्यक्रम उपलव्ध गराईदिने वारे।

महोदय,

यस पालिकाको मिति २०७७।  । गतेको प्रकाशित सुचना अनुसार यस समुह/समिति/सहकारी संस्थाले.................................................. कार्यक्रम संचालन गर्न निम्नानुसार कागजात सहित निवेदन पेश गरेका छौ। कार्यक्रममा साझेदारीका लागि प्राप्त रकमको दुरुपयोग नगर्ने प्रतिवद्धता व्यक्त गर्दछौ।

संलग्न कागजातहरु :

१. समुह/समिति/सहकारी संस्थाको दर्ता प्रमाणपत्र र सहकारी संस्थाको हकमा कृषि/पशुपालन संचालन गर्ने उद्देश्य खुल्ने कागजातहरुको प्रतिलिपीहरु

२. समुह/समिति/सहकारी संस्थाको साझेदारी कार्यक्रम संचालन गर्ने निर्णयको प्रतिलिपी

३. समुह/समिति/सहकारी संस्थाका सदस्यहरुको नामावली

४. अन्य आवश्यक कागजातहरु (स्थानिय तहको आवश्यकता अनुसार)